# माध्यमिक तहमा सामाजिक शिक्षा पाठ्यक्रमको प्रभावकारिता

स्नातकोत्तर तह ( एम. एड ) द्वितीय वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन
विषयको आंशिक आवश्यकता परिपूर्ति गर्नका लागि प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

शेरबहादुर श्रेष्ठ

त्रि. वि. दर्ता नं. ९-२-२१४-५४६-९८

परीक्षा रोल नं. २१४०२९१

शैक्षिक सत्र २०६५-०६६

क्याम्पस रोल नं. ६२

सुकुना बहुमुखी क्याम्पस

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

इन्द्रपुर , मोरङ्ग


२०६८

# सुकुना बहुमुखी क्याम्पस
## इन्द्रपुर मोरङ
### स्थापित : २०४८
### स्नातकोत्तर कार्यक्रम

मिति....................

**विषय : सिफारिस पत्र**

त्रिभुवन विश्वविद्यालय, सुकुना बहुमुखी क्याम्पस, शिक्षा शास्त्र संकाय, पाठ्यक्रम तथा मुल्याङ्कन विभाग, मोरङ्ग अन्तर्गत एम. एड द्वितिय वर्षका छात्र शेरवहादुर श्रेष्ठले **"माध्यमिक तहमा सामाजिक शिक्षा पाठ्यक्रमको प्रभावकारिता"** शीर्षकको सोधपत्र मेरो निर्देशन, सल्लाह र सुझावका आधारमा तयार पार्नु भएको हो । उक्त शोध कार्य निजको आफ्नो स्वतन्त्र अध्ययनको परिणाम हो र प्रस्तुत शोधपत्र मैले निर्दिष्ट गरेको शोध ढाँचामा तयार गरिएको छ । निजको शोधकार्य प्रति म सन्तुस्ट छु । प्रस्तुत शोधपत्रलाई मूल्याङ्कनका लागि शोध मूल्याङ्कन समितिमा सिफरिस गर्दछु ।

प्रा. ऋषिराज धिमाल<br>
शोध-निर्देशक<br>
पाठ्यक्रम तथा मूल्याङ्कन विभाग<br>
सुकुना बहुमुखी क्याम्पस<br>
इन्द्रपुर,मोरङ्ग

# सुकुना बहुमुखी क्याम्पस

## इन्द्रपुर मोरङ

स्थापित : २०४८

पत्र सङ्ख्या :    स्नातकोत्तर कार्यक्रम

चलानी नम्बर :    मिति....................

**विषय : मूल्याङ्कन समितिको सिफारिस**

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तरर्गत पाठ्यक्रम तथा मूल्याङ्कन विभागको स्नातकोत्तर तह द्वितीय वर्षका विद्यार्थी श्री शेरबहादुर श्रेष्ठले माध्यमिक तहमा सामाजिक शिक्षा पाठ्यक्रमको प्रभावकारिता शीर्षकको शोधपत्र  मूल्याङ्कन गर्दा पाठ्यक्रम तथा मूल्याङ्कन विषयको स्नातकोत्तर तह (एम.एड.) का निम्ति उपयुक्त भएकाले स्वीकृत गरिएको छ ।

मूल्याङ्कन समिति

# कृतज्ञता

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय पाठ्यक्रम तथा मूल्यांकन विभाग स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्यक्रम तथा मूल्यांकन मूल विषयको आंशिक आवश्यकता पूरा गर्न तयार पारिएको हो । यस शोधपत्रमा माध्यमिक तहमा सामाजिक शिक्षा पाठ्यक्रमको प्रभावकारिता सम्बन्धमा यसका विविध पक्षहरुमा चर्चा गरिएको छ ।

शोधकार्यका सन्दर्भमा समय-समयमा अमूल्य सहयोग तथा सुझाव, सल्लाह प्रदान गर्नुहुने सुकुना बहुमुखी क्याम्पस इद्रपुरका क्याम्पस प्रमुख श्री पितकुमार श्रेष्ठज्यू प्रति आभार व्यक्त गर्दछु । शोधकार्यलाई सफल बनाउँनका लागि शिर्षक छनौटदेखि लिएर समय-समयमा आवश्यक सल्लाह, सुझाव, निर्देशन, तथा मार्गदर्शन गर्नुहुने शैक्षिक योजना तथा व्यवस्थापन विभागका संकाय प्रमुख श्री लक्ष्मीकुमार श्रेष्ठज्यू प्रति हृदयदेखि नै हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी प्रस्तावना लेखनदेखि लिएर शोधपत्र तयार पारुन्जेलसम्म आवश्यक सल्लाह,सहयोग तथा निर्देशन गरेर मलाई सहयोग पुऱ्याउनु हुने आदरणीय गुरु तथा मेरो शोध निर्देसक श्री ऋषिराज धिमालज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधकार्यका सिलसिलामा आवश्यक तथ्यांकहरु, सूचनाहरु उपलब्ध गराई सहयोग गर्नुहुने सम्बन्धित विद्यालयका प्रधानाध्यापक, शिक्षक, शिक्षिका, विद्यालय व्यवस्थापनका पदाधिकधारीहरु एवम् विद्यार्थी भाइवहिनीहरु प्रति आभार व्यक्त गर्दै उहाँहरुको अमूल्य सहयोगका लागि धन्यवाद दिन चाहन्छु । त्यसैगरी शोधकार्य लेखनमा भाषागत शुद्धता हेरेर आवश्यक सहयोग पुऱ्याइदिनु भएकोमा श्री सरस्वती उ.मा.वि.कल्याणपुरका सहायक प्रधानाध्यापक श्री खगेन्द्रराज गौतमज्यू तथा कम्प्युटर सेटिङ्मा विशेष सहयोग पुऱ्याउँनु हुने सहपाठी मित्र श्री शिवराज भगतज्यू प्रति आभार प्रकट गर्दछु । साथै मलाई शोध कार्यमा संधै उपयुक्त वातावरण सिर्जना गरिदिने मेरी जीवन संगिनी गीता र छोरा मुकेशलाई विशेष धन्यवाद दिन चाहान्छु ।

शेर बहादुर श्रेष्ठ

स्नातकोत्तर तह

दोस्रो वर्ष

# शोधसार

यस अध्ययनको शिर्षक "**माध्यमिक तहमा सामाजिक शिक्षा पाठ्यक्रमको प्रभावकारिता**" रहेको छ । यस अध्ययनको मुख्य उद्देश्य उक्त विषयको पाठ्यक्रम कार्यान्वयनको प्रकृया तथा अवस्था पहिचान गर्नु , पाठ्यक्रम कार्यान्वयन गर्दा आएका समस्याहरु र ती समस्या समाधानका उपायहरु पत्ता लगाउनु रहेको थियो ।

यो अनुसन्धानलाई मोरङ्ग जिल्लाको वरडंगा स्रोतकेन्द्र अन्तरर्गत वरडंगा, झुर्किया तथा डाइनिया गा.वि.स.भित्र सञ्चालनमा रहेका एक-एक वटा माध्यमिक विद्यालयहरुमा पाठ्यक्रम कार्यान्वयनको अवस्था तथा प्रभावकारिता सम्बन्धमा अध्ययन गरिएको थियो । नमूना छनौटमा परेका तीनवटै विद्यालयहरु श्री सरस्वती उ.मा.वि कल्याणपुर, श्री मा.वि.झर्किया र श्री आदर्श उ.मा.वि. डाइनियामा सामाजिक शिक्षा विषय अध्यापन गराउनु हुने विषय शिक्षकहरुलाई छनौट गरिएको थियो । यस अध्ययनको लागि आवश्यक पर्ने सूचनाहरु संकलन गर्न प्रत्येक विद्यालहरुमा माध्यमिक तह कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीहरु मध्ये तीनवटै विद्यालयहरुका कक्षा ९ र १० मा गोलाप्रथाबाट प्रत्येक कक्षाबाट ५-५ जना विद्यार्थीहरु छनौट गरिएको थियो । सूचना सङ्कलन गर्न अन्तरवार्ता, कक्षाअवलोकन तथा विद्यार्थी छलफल जस्ता साधनहरुको प्रयोग गरिएको थियो ।

यस अध्ययनलाई सहयोग पुग्ने हिसावले अध्ययनसंग सम्बन्धित पूर्व साहित्यको समिक्षा गरिएको थियो । यस अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्कहरु प्राप्तगर्न प्र.अ,शिक्षक,विद्यार्थी, अभिभावकसंग छलफल, अन्तरवार्ता तथा स्थलगत अध्ययन गरी सूचनाहरु प्राप्त गरिएको थियो । पाठ्यक्रम कार्यान्वयनको सन्दर्भमा श्री सरस्वती उ.मा.वि.को हकमा विषय शिक्षक श्री खगेन्द्रराज गौतमले वार्षिक कार्ययोजना अनुसार अध्यापन गराउँनु भएको , आफ्नो प्रयास र विद्यार्थीको सक्रियतामा शैक्षिक सामग्रीहरुको निर्माण गर्ने गर्नुभएको , वर्षमा एकदिन स्थानीय धार्मिक तथा सांस्कृतिक महत्वका क्षेत्रमा भ्रमण गराउने गर्नुभएको पाइयो । कक्षा अवलोकन गर्दा क्रमबद्धरुपले अध्यापन गराउँनु भएको भेटियो । जि.शि.का बाट उपलब्ध पाठ्यपुस्तक विद्यालयले प्रत्येक विद्यार्थीहरुलाई निःशुल्क वितरण गर्ने गरेको, यस कार्यमा व्यवस्थापन समितिका पदाधिकारीहरुले समेत सहयोग पुऱ्याएको पाइयो । विद्यालयमा देखापरेका समस्याहरुलाई समाधान गर्न प्र.अ.,शिक्षक, विद्यार्थी , अभिभावकहरुको समझदारीमा समाधान गर्ने गरेको पाइयो ।

श्री मा.वि.झुर्कियाको हकमा पनि धेरैजसो मिल्दोजुल्दो अवस्था नै रहेको तर शैक्षिक सामग्री, समयमा पाठ्यपुस्तक उपलब्ध नुहनु , शिक्षक र विद्यार्थीको सक्रियता कम हुनु ,

क्षेत्र भ्रमण नगराउनु , भौतिक स्रोत तथा साधनहरुको अभावका वावजुद शिक्षण कार्य सम्पन्न गरिनु , वर्षभरिमा पनि पढाइ नसिध्याउनु जस्ता समस्याहरु देखापर्ने गरेको विद्यार्थीसंगको छलफल तथा प्रत्यक्ष अवलोकनबाट पाइयो ।

त्यसैगरी श्री आदर्श उ.मा.वि. डाइनियामा, श्री सरस्वती उ.मा.वि.कल्याणपुरको अवस्थासँग मिल्दोजुल्दो रहेको पाइयो । यहाँ पनि सम्बन्धित विषयशिक्षकले वार्षिक कार्ययोजना अनुसार अध्यापन गराएको , शैक्षिक सामग्री निर्माणमा विद्यार्थीलाई सक्रिय गराएको, प्रत्येक वर्ष स्थलगत भ्रमण गराएको, पाठहरु क्रमवद्धरुपले अध्यापन गराएको पाइयो । त्यसैगरी जि.शि.का.बाट उपलब्ध पाठ्यपुस्तकको वितरणलाई विद्यालयले सहज बनाएको पाइयो । अन्य विविध समस्याहरुलाई भने प्र.अ.,शिक्षक,विद्यार्थी तथा अभिभावकहरुको समझदारीमा समाधान गरेको पाइयो ।

पाठ्यक्रम कार्यान्वयन भित्र कक्षामा पढाइ हुने विषयहरु, शैक्षिक सामग्रीको प्रयोग, शिक्षक विद्यार्थी क्रियाकलाप , शिक्षक निर्देशिका, शिक्षण विधि, मूल्यांकन जस्ता पक्षहरु समावेश हुन्छन् । पाठ्यक्रम विद्यालय तहमा कस्तो अवस्थामा सञ्चालित छ । पाठ्यक्रम अथवा सामाजिक अध्ययन विषयको शिक्षण उद्देश्य अनुरुप सञ्चालित छ कि छैन आदिकुरा कार्यान्वयन क्षेत्रभित्र पर्दछन् । यस अध्ययनबाट पनि नमूना छनौटमा परेका विद्यालयहरुमा कस्तो अवस्थामा उक्त विषय कार्यान्वयन भै रहेको छ । ति कुरा यस अध्ययनबाट पाउन सकिन्छ । नमूना छनौटमा परेका विद्यालयहरुमा सामाजिक विषय अध्ययन विषयको पाठ्यक्रम पनि ठिकठिकै अवस्थामा कार्यान्वयन भै रहेको पाइयो । शिक्षण विधि, शिक्षणसामग्री विद्यार्थी क्रियाकलाप पनि सामान्य नै रहेको पाइयो । स्रोतसाधनको उपलब्धता कम हुनु ,मूल्याङ्कन तथा अनुगमन नहुनु , पृष्ठपोषण कम पाउँनु जस्ता समस्याहरुमा पनि पठनपाठन भइरहेको पाइयो ।

हाम्रो गाउँघर,समाज तथा राष्ट्रमा छिटोछिटो परिवर्तनका अवस्थाहरु देखापरिरहेका छन् । यी परिवर्तनहरुलाई आत्मसाथ गरेर अगाडि वढ्न नसकेमा हामी पछाडि पर्ने निश्चित छ । हामीलाई हाम्रो समाजमा देखापरेका परिवर्तनहरुको हरेक परिस्थितिमा समायोजन गराउँदै अगाडि वढाउने काममा सामाजिक शिक्षाले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । यसलाई हामी सामाजिक शिक्षा पाठ्यक्रमको प्रभावको रुपमा पनि लिन सक्दछौ । यसरी विद्यालय तहमा पाठ्यक्रम कार्यान्वयन गर्दा देखापरेका समस्याहरु समाधानमा सम्बन्धित सबै निकायहरुले सक्रिय रुपमा कार्यगरेमा समाधान हुनुका साथै उद्देश्य तथा लक्ष प्राप्तीमा समेत सजिलो हुने देखिन्छ

# विषय सूची


| | शीर्षक | पेज नं. |
|---|---|---|
| | **परिच्छेद एक : परिचय** | **१–५** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्या कथन | ३ |
| १.३ | अध्ययनको औचित्य | ३ |
| १.४ | अध्ययनका उद्देश्य | ४ |
| १.५ | अनुसन्धानात्मक प्रश्न | ४ |
| १.६ | अध्ययनको परिसीमा | ५ |
| १.७ | परिभाषा र व्याख्या | ५ |
| | **परिच्छेद दुई : सम्बन्धित साहित्यको पूनरावलोकन र सैद्धान्तिक ढाँचा** | **६–१०** |
| २.१ | सम्बन्धित साहित्यको पूनरावलोकन | ६ |
| २.२ | अध्ययनको सैद्धान्तिक ढाँचा | ९ |
| २.३ | शैक्षिक उपादेयताहरु | १० |
| | **परिच्छेद तीन : अनुसन्धनात्मक विधि** | **११–१३** |
| ३.१ | अनुसन्धानात्मक ढाँचा | ११ |
| ३.२ | जनसङ्ख्या | ११ |
| ३.३ | नमूना छनोट प्रक्रिया | ११ |
| ३.४ | नमूनाको आकार | ११ |
| ३.५ | नमूना छनोटको आधार | ११ |
| ३.६ | अनुसन्धानको साधन | १२ |
| ३.७ | साधनको वैधता | १२ |
| ३.८ | तथ्याङ्कको स्रोत | १२ |
| ३.९ | तथ्याङ्क संकलन प्रक्रिया | १२ |
| | **परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या** | **१४–३५** |
| ४.१ | सामाजिक शिक्षा विषयको पाठ्यक्रमको स्वरुप | १४ |

४.१.१ माध्यमिक तहमा सामाजिक शिक्षा भित्र रहेका विषयवस्तुहरु १४
४.२ सामाजिक शिक्षाको पाठ्यक्रम कार्यान्वयनको प्रक्रिया १९
४.२.१ शिक्षकको व्यवस्था १९
४.२.२ पाठ्यक्रम कार्यान्वयनको अवस्था २०
४.२.३ पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको उपलब्धता र प्रयोग २१
४.२.४ शैक्षिक सामग्रीको प्रयोगको अवस्था २२
४.२.५ शिक्षण विधिहरुको प्रयोग २४
४.२.६ शिक्षक तथा विद्यार्थी क्रियाकलाप २५
क) शिक्षक क्रियाकलाप २६
ख) विद्यार्थी क्रियाकलाप २७
४.२.७ मूल्याङ्कन प्रक्रिया ३०
४.३ पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु ३१
४.४ पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्या समाधानका उपायहरु ३३
क) दक्ष तथा तालिम प्राप्त शिक्षकको व्यवथा ३३
ख) भौतिक सुविधामा सुदृढीकरण ३३
ग) आवश्यक शैक्षिक सामग्रीको व्यवस्था ३४
घ) उचित शिक्षण विधिको प्रयोग ३४
ङ) शैक्षिक योजना निर्माण ३४
च) पारिश्रमिक तथा सेवा सुविधामा बृद्धि ३४
छ) निरीक्षण, मूल्याङ्कन तथा अनुगमन ३४
ज) पुरस्कारको व्यवस्था ३५

**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव ३६–४१**

५.१ प्राप्ति ३६
५.२ निष्कर्ष ३८
५.३ सुझाव ४०
सन्दर्भग्रन्थि I
अनुसूची III

# तालिका तथा ग्राफचार्ट सूची

## क) तालिका सूची


| तालिका नं. | | पेज नं. |
|---|---|---|
| १. | सामाजिक शिक्षा कक्षा ९ र १० को पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तु र शिक्षक निर्देशिकाले निर्दिष्ट गरेका शिक्षण विधिहरु | १५ |
| २. | विशिष्टिकरण तालिका | १८ |
| ३. | विषय शिक्षकको शैक्षिक योग्यता, तालिम र अनुभव | १९ |
| ४. | कक्षा ९ को विद्यार्थी संख्या | २७ |
| ५. | कक्षा १० को विद्यार्थी संख्या | २८ |
| ६. | मा.वि. तहको विद्यार्थी उपस्थिति प्रतिशत | २९ |


## ख) ग्राफचार्ट सूची


| ग्राफचार्ट नं. | | पेज नं. |
|---|---|---|
| १. | कक्षा ९ को विद्यार्थी संख्या | २८ |
| २. | कक्षा १० को विद्यार्थी संख्या | २९ |
| ३. | मा.वि. तहको विद्यार्थी उपस्थिति प्रतिशत | ३० |

# अनुसूचीहरु


| अनुसूची नं. | | पेज नं. |
|---|---|---|
| १. | विद्यालय, प्र.अ. तथा विषय शिक्षकहरुको नामावली | III |
| २. | वि.व्य.स. तथा शि.अ. संघका अध्यक्षहरुको नामावली | IV |
| ३. | अभिभावक तथा विद्यार्थीहरुको नामावली | V |
| ४. | स्रोत व्यक्ति तथा वि.नि.हरुका लागि प्रश्नावली | VI |
| ५. | प्रधानाध्यापकहरुका लागि प्रश्नावली | VII |
| ६. | शिक्षकहरुका लागि प्रश्नावली | VIII |
| ७. | विद्यार्थी समूह छलफलका लागि प्रश्नावली | X |
| ८. | कक्षा अवलोकन फारम | XI |
| ९. | अभिभावकहरुका लागि प्रश्नावली | XII |

# संक्षिप्त शब्दहरुको पूरा रुप

| | |
|---|---|
| वि.व्य.स. | : विद्यालय व्यवस्थापन समिति । |
| शि.अ.संघ | : शिक्षक अभिभावक संघ । |
| जि.शि.का. | : जिल्ला शिक्षा कार्यलय । |
| वि. नि. | : विद्यालय निरिक्षक । |
| मा.वि. | : माध्यमिक विद्यालय । |
| गा.वि.स. | : गाउँ विकास समिति । |